चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चुलाचुली, इलाम

कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८१।०८२
च.नं.

## पोर्टेवल कोल्ड च्याम्बर (Cold Store) सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना

### प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१२

चुलाचुली गाउँपालिका, इलामको वडा नं. २ बाह्रगोठे वडा कार्यालय भवन अगाडीको जग्गामा निर्माण भएको पोर्टेवल कोल्ड च्याम्बर (Cold Store) सञ्चालन गर्नका लागि इच्छुक संघ/संस्थाहरुबाट आवेदन माग गर्ने सम्बन्धी चुलाचुली गाउँ कार्यपालिकाको निर्णय बमोजिम चुलाचुली गाउँपालिकाका इच्छुक कृषक समुह, कृषि सहकारी, नियमानुसार दर्ता भई संचालनमा आएका संघ/संस्थाहरु, उपभोक्ता समितिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन अर्थात मिति २०८१/१२/२६ गते सम्ममा कार्यालय समय भित्र तोकिएको कागजात तथा प्रमाणहरु सहित चुलाचुली गाउँपलिकाको कार्यालयमा प्रस्ताव पेश गर्नु/गराउनु हुन सूचित गरिन्छ ।

| क.सं. | कोल्ड च्याम्वरको क्षमता | मासिक दस्तुर रु. | भण्डार गर्न सकिने कृषि वाली |
|---|---|---|---|
| १ | २० टन क्षमता भएको | रु. २०००।— (दुई हजार) | खाद्यान्न, तरकारी, फलफुल, फुल, नगदे वाली, पशुजन्य उत्पादन आदी । |

२०८१/१२/१२

दिल कुमार लिम्बू
प्रमुख प्रशासकीय अधिकृत

दिल कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

आवश्यक कागजातहरु :

१. सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
४. संस्थाको आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र लेखा परिक्षणको प्रतिलिपि ।
५. संस्थाको स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
६. कृषि समूह/कृषि सहकारी/संस्था को हकमा कार्यसमितिको निर्णयको प्रतिलिपि ।
७. निवेदन र प्रतिवद्धता गरिएको पत्र ।
८. कोल्ड स्टोर संचालनको वार्षिक योजना तथा सिजनल वालीको प्रक्षेपण ।
९. अन्य आवश्यक कागजातहरु ।

नोटः थप जानकारीको लागि सूचना अधिकृतको सम्पर्क नं. ९८५२६२७२२७, कृषि शाखा प्रमुखको सम्पर्क नं. ९८६२१६०७२० तथा चुलाचुली गाउँपालिका कार्यालय, पेल्टिमारी, इलाममा सम्पर्क राख्‍नु सक्नुहुनेछ । रित नपुगी तथा म्याद नाघी पेश हुन आएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन् ।

वोधार्थः
श्री सूचना प्रविधि शाखा, सूचना वेवसाइटमा अप्लोड गरिदिनुहुन । साथै सम्बन्धित वडामा सूचना सम्प्रेषण गर्नु हुन ।